## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# आ.व. २०८२/०८३ वार्षिक सम्पादित क्रियाकलापहरुको विवरणको

## स्वतः प्रकाशन



**नेपाल सरकार**

**गृह मन्त्रालय**

# इलाका प्रशासन कार्यालय

**नराकोट , जुम्ला**

## १.इलाका प्रशासन कार्यालय,नराकोट, जुम्लाको परिचय

हिमाली जिल्लाहरू मध्ये जुम्ला एक दुर्गम हिमाली जिल्ला हो । भौगोलिक रूपमा विकट र दुर्गम भए तापनि नेपालको इतिहासमा जुम्ला जिल्लाको आफ्नै महत्वपुर्ण पहिचान रहेको छ । नेपालको एकिकरणा हुनु पुर्व वाइसे राज्यहरूको मुख्य केन्द्रको रूपमा रहेको जुम्ला नेपाली भाषा र संस्कृतिको उदगम स्थल हो । मध्यकालिन युगमा जुम्ला एक समृद्र एवं शत्तिशाली राज्यको रूपमा रहेको तथ्य इतिहास अध्यनबाट प्रस्ट हुन्छ । यहाँका जनताको माग, चाहना र आवश्यकता अनुसार नेपाल सरकारको निर्णयनुसार मिति २०७३/०३/१७ गतेका दिन उद्घाटन गरी सेवा शुभारम्भ गरिएको हो । यस कार्यालय समुन्द्री सतह देखि २५१४ मिटर मिटर सम्मको उचाई मा रहेको इलाका प्रशासन कार्यालय भौगोलिक अवस्थितिका हिसावले २९ डिग्री २४ मिनेट ४९सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री 0 मिनेट ५५ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । यस कार्यालय जुम्ला जिल्लाको सदरमुखकाम खलंगा देखि करिव ५५ किमि दुरीमा पश्चिम

भागमा रहेको छ । नेपाल सरकार गृह मन्त्रालयबाट संचालित यस कार्यालयको कार्यक्षेत्र साविकको (मालिकाबोता, कनकासुन्दरी, बिरटा,पाण्डवगुफा गाउँ विकास समिति ) हालको कनकासुन्दरी गाउँपालिका वडा नं. २,३,४,५,६,७,८ र ( धापा,नराकोट र शनिगाउँ गाउँ विकास समिति) सिंजा गाउँपालिका वडा नं. १,२,३,४,५,६ ( बड्की, कालिकाखेतु र महाबैपाथरखोला गाउँ विकास समिति) हिमा गाउँपालिका वडा नं. १,२,३,४,५,६,७ सबै वडाहरुलाई कार्य क्षेत्र बनाएर, नयाँ तथा प्रतिलिपि नागरिकताहरु जारी तथा वितरण गर्ने, दलित सिफारिस, आदिवासि जनजाती सिफारिस, पिछडिएको सिफारिस, खस आर्यको सिफारिस, राष्ट्रिय परिचयपत्र, वितरण, विभिन्न प्रमाणपत्रहरु प्रमाणिकरण तथा सिफारिस, बजार लगायत विभिन्न क्षेत्र तथा कार्यालयहरुको अनुगमन, समन्वय तथा रिपोर्टिङ, नागरिकहरुको उजुरी तथा गुनासो सुनुवाई तथा अन्य तोकिएका कार्यहरु सम्पन्न गर्नका लागि स्थापना गरिएको हो । जुम्ला जिल्लाको कुल भुभाग ८.११ प्रतिशल ओगट्ने यस कार्यालयको कार्यक्षत्र ५११.०१ वर्ग कि.मि भु-भाग रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस क्षेत्रको जनसंख्या ३८३७२ रहेको जसमा महिलाको जनसंख्या १९०७१ पुरूषको जनसंख्या १९३०१ रहेको छ । जहाँ धार्मिक रूपमा बुँदबुँदी केदार नाथ तिर्थ स्थल,मठ मन्दिरको रूपमा देउली माई, मालिका बाँओ , रोप्नी माई ऐतिहाँसिक रूपमा पञ्चदेवल, त्रिदेवल, पाण्डवगुफा, विराट दरवार, गरुडनुहनी, तिलिचौरमाई, कनकासुन्दरी मन्दिर, बुद्धमस्टो मन्दिर, लामाथाडा, विष्णुदेविको मन्दिर, बुलबुले पाटन पर्यटकिय ताल, छेडे महादेव मन्दिर, जार्जगुफा धार्मिक , सास्कृतिक , ऐतिहाँसिक पर्यटकिय हिसावमा आफ्नै महत्व बोकेको छ । पर्यटकिय रूपमा पनि उतिकै महत्व रहेको छ। क्षेत्री ब्राम्हण, दलित, ठकुरी जातिहरुको मिश्रित बसोबास रहेको यस क्षेत्रमा मुख्य बोलिचालिको भाषा खस नेपाली भाषा रहेको छ । धार्मिक रुपमा हिन्दु धर्मालम्बिको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने मुख्य चाडपर्वहरुमा दशै, तिहार, जनैपुर्णिमा, माघे संक्रन्ति,साउन पुर्णिमा, चैत्य दशै आदि रहेका छन । धार्मित तथा भाषिक रुममा एकरुपता रहेको ।

# २.इलाका प्रशासन कार्यालय, नराकोट, जुम्लाको सेवाग्राहीहरूसँग विशेष अनुरोध !

1. इलाका प्रशासन कार्यालयबाट सेवा लिन आउने सेवाग्राही आफ्नो कामको लागि आफै आउनु होला ।
2. इलाका प्रशासन कार्यालयको कामका लागि कोही कसैलाई चिन्न वा भनसुन गराउन पर्दैन ।
3. इलाका प्रशासन कार्यालयबाट प्रदान गरिने कुनै पनि सेवा वापत सेवाग्राहीले तोकिएको शुल्क बाहेक अरू कुनै पनि अतिरिक्त शुल्क तिर्नु पर्दैन ।
4. इलाका प्रशासन कार्यालयका कर्मचारीहरूसँग राम्रो सम्बन्ध छ भनी हामी काम मिलाई दिन्छु भन्ने व्यक्तिहरूको विश्वास नगर्नु होला । यदि कसैले त्यस्तो गरेको थाहा पाएमा कार्यालयका सूचना अधिकारीलाई सूचना दिनुहोला ।
5. यस कार्यालयमा सेवा लिन आउँदा कामसँग सम्बन्धित कागजातहरू असम्बन्धित व्यक्तिलाई नदिनुहोला ।
6. इलाका प्रशासन कार्यालयका कर्मचारीहरू कानून बमोजिम तपाईको सेवा गर्न हरदम प्रयत्नशिल छौं । तपाईको सन्तुष्टी नै हाम्रो सन्तुष्टी हो ।
7. जेष्ठ नागरिक, अपांग, अशक्त र विपन्नहरूका लागि प्राथमिकता प्राप्त सेवा उपलब्ध हुन्छ ।
8. कार्यालयको सेवा सम्बन्धी जानकारी यस कार्यालयको Facebook Page: **इलाका प्रशासन कार्यालय, जुम्ला** र Website: **aaonarakot.moha.gov.np** बाट लिन सक्नुहुनेछ ।
9. कार्यालयको काम सम्बन्धमा कुनै गुनासो भएमा यस कार्यालयको फोन नं. ९८५८३२०१७७ वा सूचना अधिकारी ( ९८४८३८८६४८) सँग सिधै सम्पर्क गर्न सक्नु हुनेछ ।

10. कार्यालयको कामसँग सम्बन्धित पत्राचार, गुनासो भएमा कार्यालयको ईमेल ठेगाना aaonarakot@moha.gov.np वा aaonarakot@gmail.com मा पठाउन सक्नु हुनेछ ।

## ३.इलाका प्रशासन कार्यालय, नराकोट,जुम्लाको काम, कर्तव्य र अधिकार :

- नेपाली नागरिकता प्रमाणपत्र/नावालक परिचयपत्र वितरण सम्वन्धी कार्य,
- आदिवासी जनजाती, दलित,खस आर्य सिफारिस सम्वन्धी कार्य,
- सुशासन/सार्वजानिक सेवा प्रवाह सम्वन्धी कार्य ,
- सवारी साधन सञ्चालन सम्वन्धी कानूनको कार्यान्वयन सम्वन्धी कार्य,
- सरकारी कार्यालयहरुको अनुगमन तथा निरीक्षण सम्वन्धी कार्य,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण सम्वन्धी कार्य,
- स्थानीय तहसंगको समन्वयमा बजार अनुगमन, नियमन तथा नियन्त्रण,अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन सम्वन्धी कार्य,
- नेपाल सरकार र गृह मन्त्रालयबाट निर्देशित अन्य कार्यहरु ।

## ४.इलाका प्रशासन कार्यालय नराकोट,जुम्लाको स्वीकृत कर्मचारी दरवन्दी :

| क्र.सं. | पद | दरबन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख (रा.प.तृतीय) शाखा अधिकृत | १ | ० | रक्त रहेको |
| २ | नायब सुब्बा | २ | २ | |
| ३ | सह लेखापाल | १ | १ | |
| ४ | स.कम्प्युट अपरेट | १ | १ | करार |
| ५ | कार्यालय सहयोगी | २ | २ | |

## ५.इलाका प्रशासन कार्यालय, नराकोट, जुम्लाबाट प्रवाह गरिने सेवा / कार्यहरूः

### ५.१. स्थानीय प्रशासन सम्बन्धी कार्य :

- नाम, थर वा उमेर फरक परेको तथा विभिन्न सिफारिस प्रमाणित गर्ने,
- |आदिवासि/जनजाती,दलित, खस आर्य सिफारिस ।

### ५.२. नागरिकता सम्बन्धी कार्य :

- वंशजको आधारमा नागरिकताको प्रमाणपत्र वितरण गर्ने,
- नागरिताको प्रमाणपत्रको प्रतिलिपि वितरण गर्ने,
- विगत द्धन्द्धकालमा जलि नष्ट भएका नागरिकताको अभिलेख कामय गरी प्रतिलिपि जारी गर्ने,

### ५.३. राष्ट्रिय परिचयपत्र सम्बन्धी कार्यः

- राष्ट्रिय परिचयपत्र सम्बन्धी फाराम संकलन गर्ने, विवरण प्रविष्टि गर्ने,

- विभागबाट स्वीकृत भई प्राप्त भएका राष्ट्रिय परिचयपत्र वितरण गर्ने ।

**५.४. बजार अनुगमन / उपभोक्ता हित सम्बन्धी कार्य :**

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपुर्ति, पँहुच तथा गुणस्तर सुनिश्चित गर्नका लागि स्थानीय सरकारसँगको सहकार्यमा बजार अनुगमन तथा नियमन गर्ने ।
- उपभोक्ता हित संरक्षणका लागि सचेतीकरण गर्ने ।

**५.५. विविध कार्य:**

- गुनासो सुनुवाई गर्ने,
- नेपाल सरकार गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने तथा प्रतिवेदन गर्ने,

## ६.इलाका प्रशासन कार्यालय, नराकोट, जुम्लामा रहेका फाँट र जिम्मेवार अधिकारी :

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क न. |
|---|---|---|---|
| १ | समग्र सेवा प्रवाह तथा गुनासो व्यवस्थापन | का.मु.शाखा अधिकृत सुरत गिरी | ९८५८३२०१७७ |
| २ | समग्र सेवा प्रवाह तथा सूचना अधिकारी | ना.सु गणेश प्रसाद न्यौपाने | ९८४८३८८६४८ |
| ३ | प्रशासन फाँट | ना.सु गणेश प्रसाद न्यौपाने<br>का.स सन्तोष धिताल | ९८४८३८८६४८<br>९८५८३९११०० |
| ५ | आर्थिक प्रशासन शाखा | स.ले.पा सुनिल थापामगर | ९८५५०४७१८१ |

| | | | |
|---|---|---|---|
| ६ | नागरिकता तथा प्रतिलिपि शाखा | ना.सु गणेश प्रसाद न्यौपाने<br>का.स कृष्ण प्रसाद चौलागाई | ९८४८३८८६४८<br>९८६४६१२९६० |
| १२ | राष्ट्रिय परिचयपत्र शाखा | क.अ. विजय नेपाल<br>स.क.अ प्रेम प्रसाद उपाध्याय | ९८४८०४८२११<br>९८६५८२२१३९१ |

## ७.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

| **सि. नं.** | **प्रदान गरिने सेवा** | **लाग्ने दस्तुर रु** | **लाग्ने अवधि** | **कैफियत** |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु. २०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ७ | गुनासो वा ठाडो उजुरी | १०/– को टिकट | यथाशीघ्र | |
| ८ | नाम,थर उमेर आदि प्रमाणित | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | नावालकको उमेर प्रमाणित | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |

| | | | | |
|---|---|---|---|---|
| **१५** | दलित, आदिवासी/जनजाती,खस आर्य सिफारिस | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |

## ८.इलाका प्रशासन कार्यालय नराकोट,जुम्लाबाट सम्पादित मूख्य कार्यहरू :

| **क्र. सं.** | **सम्पादन गरेका काम** | **२०८२/०८३ वार्षिक विवरण** | | |
|---|---|---|---|---|
| | | म. | पू. | जम्मा |
| १ | नयाँ नेपाली नागरिकता वितरण | ७५८ | ६७५ | १४३३ |
| २ | विगत द्धन्द्ध कालमा अभिलेख जलि नष्ट भएको नागरिकता अभिलेख कायम | ६८ | १४८ | २१६ |
| ३ | प्रतिलिपि | ३९० | ५५३ | ९४३ |
| ४ | राष्ट्रिय परिचयपत्र दर्ता | १३६० | १७८० | ३१४० |
| ५ | नाबालक प्रमाणपत्र | ४ | ५ | ९ |
| | सिफारिस | | | |
| | आदिवासी/ जनजाती | २५ | | |
| | दलित | २० | | |
| | पिछडिएको | ५ | | |

| | | | |
|---|---|---|---|
| | खस आर्य सिफारिस | ३० | |
| | अन्य | ४० | |

## ९.खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण

| सि.नं. | विनियोजन | खर्च | बाँकी |
|---|---|---|---|
| १ | चालु ६,५१७,००० | ५,२८८,०५९ | १,२२८,९४१ |
| २ | पुजीगत ३४३,००० | ३४०,५२१ | २,४७९ |

## १०.कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

**कार्यालय प्रमुख :**

- नाम: सुरत गिरी
- पद: का.मु. शाखा अधिकृत
- सम्पर्क न. ९८५८३२०१७७

**सूचना अधिकारी :**

- नाम: गणेश प्रसाद न्यौपाने
- पद: ना.सु
- सम्पर्क न : ९८४८३८८६४८
- ईमेल : aaonarakot@gmail.com

# १०इलाका प्रशासन कार्यालयसँग सम्वन्धित ऐन, कानून तथा कार्यालय प्रमुख भूमिका :

- नेपालको संविधान
- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- नेपाल नागरिकता नियमावली, २०६३
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३
- कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- सुशासन (व्यवस्थापन तथा सञ्चालन)ऐन, २०६४ र नियमावली, २०६५

# ११.कार्यालयको वेवसाइट

https://aaonarakot.moha.gov.np/

